**निर्णयहरु :-**

**निर्णय नं. १.** जिल्लाका सबै पालिकाहरुमा कोभिड-१९ को संक्रमण भइरहेको, संक्रमण दर उच्च नै रहको, मृत्यु हुनेको संख्या पनि वृद्धि हुँदै गएकोले अझै केही समय निषेधाज्ञा गरी संक्रमणको नियन्त्रण, रोकथाम तथा संक्रमितको उपचार गर्नुपर्ने भएकोले मिति २०७८/०२/१७ गते बिहान ०० : ०१ बजेदेखि मिति २०७८/०२/२६ गते राती १२ :०० बजेसम्म तपसिल बमोजिम हुने गरी प्रमुख जिल्ला अधिकारीबाट निषेधाज्ञा जारी गर्ने ।

**तपसिल :-**

क) **सर्वसाधारणको आवतजावत सम्बन्धमा ।**

१) अत्यावश्यक काममा (औषधी खरिद, उपचार, खाद्यवस्तु तथा अन्य उपभोग्य वस्तु तथा सेवाको खरिद) बाहेक कोही पनि व्यक्ति घर बाहिर निस्कन तथा हिडडुल गर्न नपाइने । अत्यावश्यक वस्तु तथा सेवाको खरिदका लागि निस्कनै पर्ने भए अनिवार्य रुपमा मास्क लगाउने, भौतिक दुरी कायम गर्ने तथा तोकिएका स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको अनिवार्य पालना गर्ने ।

ख) **अत्यावश्यक खाद्य सामग्रीको सम्बन्धमा ।**

१) तरकारी, फलफूल, माछा/मासु, दाना, एग्रोभेट, दुध डेरी, खाना पकाउने ग्याँस पसलहरु दैनिक बिहान ६ : ०० बजेदेखि बिहान ९ : ०० बजेसम्म मात्र सञ्चालन गर्ने ।

२) बुँदा नं. १) बाहेकका खाद्यान्न लगायत अन्य अत्यावश्यक उपभोग्य वस्तु तथा सेवाका हकमा आइतबार र बुधबार बिहान ६ : ०० बजेदेखि बिहान ९ : ०० बजेसम्म मात्र सञ्चालन गर्ने । यस्ता उपभोग्य वस्तु सकेसम्म उपभोक्ताले नजिकको पसलबाट खरिद गर्नुपर्ने ।

ग) **सभा सम्मेलन तथा सामाजिक कार्य सम्बन्धमा ।**

१) सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, मनोरञ्जन स्थल, सैलुन, ब्यूटी पार्लर, पुस्तकालय, भौतिक उपस्थितिमा हुने शिक्षण सिकाई क्रियाकलाप, समूहमा खेलिने खेलकुद र मानिसहरुको भीडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम गर्न नपाइने ।

२) विवाह/व्रतबन्ध/पास्नी को हकमा बढीमा १० जनासम्म स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्डको अनिवार्य पालना गर्ने गरी आफ्नो घर वा बसेको स्थानमा मात्र गर्ने ।

३) विवाहको हकमा १ वटा सवारी साधन (बढीमा ५ जना सवार हुन पाउने) प्रयोग गर्ने गरी व्यानरका आधारमा सञ्चालन गर्न पाउने ।

४) मन्दिर, मस्जिद, चर्च आदिमा नित्य पूजा बाहेक सामूहिक भेला हुने, सामूहिक रुपमा आश्रय लिइ बस्ने खालका कार्यक्रम गर्न नपाइने ।

५) कोभिड-१९ वा जुनसुकै कारणले कुनै व्यक्तिको मृत्यु भएमा सो को मृत्यु संस्कारमा अधिकत्तम १५ जना भन्दा बढी सहभागी हुन नपाइने ।

घ) **सार्वजनिक एवम् निजी सवारी साधन सञ्चालन सम्बन्धमा ।**

१) सार्वजनिक एवम् निजी सवारी साधन सञ्चालनमा मिति २०७८/०२/१७ गते बिहान १ : ०० बजेदेखि मिति २०७८/०२/२६ गते राती १२ : ०० बजेसम्म सल्यान जिल्लाभर रोक लगाउने ।

२) अत्यावश्यक सेवाहरु जस्तै : एम्बुलेन्स, खानेपानी, विद्युत तथा दुरसंचार मर्मत, स्वास्थ्य सामग्री तथा अक्सिजन सिलिण्डर ढुवानी, डाँक सेवा र फोहोरमैला व्यवस्थापन सम्बन्धी ढुवानी तथा यातायातका साधनमा व्यानर वा प्रिन्टमा विषय उल्लेख गरी सञ्चालन गर्न सकिने ।

३) तरकारी, फलफूल, दुध तथा दुग्धजन्य पदार्थ, कुखुराको दाना, चल्ला पशुपंक्षीजन्य पदार्थ, भेटेरीनरी सम्बन्धी कार्य, इन्धन, खाना पकाउने ग्यासँ ढुवानीका लागि यातायातका साधनमा व्यानर वा प्रिन्टमा विषय उल्लेख गरी सञ्चालन गर्न पाउने ।

४) झण्डावाल सरकारी र निलो (कुटनीतिक) प्लेटका सवारी साधनहरु, स्वास्थ्य तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन सञ्चालन गर्न पाइने ।

५) सार्वजनिक निर्माणको हकमा आवश्यक पर्ने निर्माण सामग्री ढुवानी गर्ने यातायातका साधनमा व्यानर वा प्रिन्टमा विषय उल्लेख गरी सञ्चालन गर्न पाउने ।

६) अन्तर्राष्ट्रिय उडानबाट विदेश जाने यात्रुको हकमा हवाई टिकट, पासपोर्ट तथा भिसाको आधारमा सवारी साधनलाई सहजीकरण गर्ने ।

७) सञ्चारकर्मी/पत्रकारको हकमा सूचना विभाग वा सम्बन्धित मिडिया हाउसले जारी गरेको परिचयपत्रमा आधारमा आवतजावत गर्न दिने ।

ङ) **कार्यालय/बैंक सञ्चालन सम्बन्धमा।**

१) जिल्लामा सरकारी र सार्वजनिक कार्यालयका प्रमुखले आलोपालो पद्धतिअनुसार कर्मचारी खटाई कार्यालयको आन्तरिक व्यवस्थापकीय कार्य गर्ने । अत्यावश्यक बाहेक अन्य सार्वजनिक सेवा हाललाई स्थगन गर्ने ।

२) जिल्लामा रहेका बैंकहरु स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्ने गरी आइतवार र बुधवार बिहान १० : ०० बजेदखि दिउँसो २ : ०० बजेसम्म सञ्चालन गर्ने पाइने ।

३) सरकारी कार्यालय, बैंक, दुरसञ्चार प्रदायक संस्थाका सवारी साधनको हकमा बिहान ८ : ०० बजेदेखि १० : ०० बजेसम्म र बेलुका ५ : ०० बजेदेखि ७ : ०० बजेसम्म कार्यालयमा आवतजावतका लागि मात्र प्रयोग गर्ने गरी व्यवस्था मिलाउने ।

च) **अत्यावश्यक कार्यका लागि सवारी आवागमनमा जिल्ला प्रशासन कार्यालयबाट गरिने सहजीकरण।**

१) मृत्यु संस्कारका लागि जानुपर्ने/फर्कनुपर्ने अवस्थामा व्यक्तिको निवेदन सहित सम्बन्धित वडाले सिफारिस पेश गर्नुपर्ने ।

२) बिरामीले एम्बुलेन्स बाहेकका अन्य सवारी साधन प्रयोग गर्नुपर्ने अवस्था भए व्यानर वा प्रिन्टमा विषय उल्लेख गरी सवारी साधन प्रयोग गर्न सकिने ।

३) बिरामीको भर्ना कार्डका आधारमा १ जना बिरामी कुरुवाले आवतजावत गर्न पाउने ।

४) बिरामीको थप उपचारका लागि जिल्ला बाहिर जानुपर्ने अवस्था भए बिरामीको रिफर कार्ड, भर्ना कार्ड, परिचय खुल्ने कागजातको प्रतिलिपि सहित कार्यालयमा नै उपस्थित भई निवेदन पेश गर्नुपर्ने ।

५) बुँदा नं. १) र ४) बाहेक अन्य कुनै पनि कार्यका लागि जिल्ला प्रशासन कार्यालयबाट सवारी पास जारी नहुने । साथै व्यानर वा प्रिन्टमा विषय उल्लेख गरे बाहेकको प्रयोजनका लागि सवारी साधन प्रयोग भए/गरेको पाइएमा कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ को दफा २१ बमोजिम कारवाही गरिने ।

छ) **औषधी तथा स्वास्थ्य सामग्री सम्बन्धी पसल जुनसुकै समय निर्वाध रुपमा सञ्चालन गर्न पाइनेछ।**

निर्णय नं. २. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७८/०२/०५ गतेको ICS बैठकको निर्णयबमोजिम स्वास्थ्य कार्यालयमा मौज्दात रहेको कोभिशिल्ड भ्याक्सिन अग्रपंक्तिमा रहेर सेवा प्रदान गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाईकर्मी, निजामती कर्मचारीहरुमध्ये दोश्रो चरणको खोप लिन बाँकी/छुट भएका व्यक्तिहरुलाई दिने । खोप लगाउने व्यवस्था स्वास्थ्य सेवा कार्यालय, सल्यानले मिलाउने ।

निर्णय नं. ३. कोभिड-१९ को उपचारको औषधी हालसम्म उत्पादन नभएको, नयाँ भरियन्ट सहितको कोभिड-१९ को दोश्रो लहरको संक्रमणबाट धेरै नागरिक प्रभावित भई यस जिल्लामा मृत्यु हुनेको संख्या पनि बढी नै भएको कारणले जिल्लाका सबै पालिकाले पालिका भित्र रहेका स्वास्थ्य स्वयम् सेविका, टोल सुधार समिति, सामुदायिक वन उपभोक्ता समिति, क्लब, स्वास्थ्यकर्मी, सामुदायिक संस्था, विद्यालयका शिक्षक, गैर सरकारी संस्था आदिलाई परिचालन गरी संक्रमितहरुको अवस्थाको अनुगमन गर्ने, लक्षण देखिएकाको कोभिड-१९ परीक्षण गर्ने, संक्रमितहरुको मनोवल उच्च राख्न मनोसामाजिक परामर्श दिने ।

निर्णय नं. ४. प्रत्येक नगरपालिकाले न्यूनतम २५ वेड र प्रत्येक गाउँपालिकाले १५ वेडको अक्सिजन र स्वास्थ्यकर्मी सहितको कोभिड अस्पताल सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

निर्णय नं. ५. सबै पालिकाले कोभिड-१९ को तेश्रो लहर आउनसक्ने पूर्व अनुमान गरी आगामी वर्षको वार्षिक वजेटमा कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचारका लागि पर्याप्त वजेट विनियोजन गर्ने व्यवस्था मिलाउने ।

निर्णय नं. ६. सल्यान जिल्ला अस्पताल, सल्यानमा अक्सिजन रिफिलिङ गर्न सक्ने क्षमता भएको अक्सिजन प्लान्ट राख्न सकेमा मात्र जिल्लाभरका कोभिड-१९ संक्रमितहरुको उपचार सहज रुपमा गर्न सकिने भएकोले कम्तीमा रु ४ करोड सम्मको अक्सिजन प्लान्ट जडान गर्न प्रत्येक नगरपालिकाले रु ५० लाख र प्रत्येक गाउँपालिकाले रु ४० लाख आगामी वर्षको वजेटमा जिल्ला अस्पताल सल्यानको अक्सिजन प्लान्ट शीर्षकका बजेट छुट्याउन सम्बन्धित सबै पालिकामा अनुरोध गर्ने ।

निर्णय नं. ७. सल्यान जिल्ला अस्पतालमा अक्सिजन प्लान्ट (कम्तीमा १०० वटा अक्सिजन सिलिण्डर रिफिलिङ गर्ने क्षमता भएको) जडानका लागि आ.व. २०७८/०७९ मा बजेट व्यवस्था हुनका लागि कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालय, सुर्खेतलाई अनुरोध गर्ने ।

निर्णय नं. ८. जिल्ला अस्पतालमा हाल भएको अक्सिजन सिलिण्डरबाट मात्र थप हुन लागेको २५ वेडको आइसोलेसन सञ्चालन गर्न कठिनाई हुने देखिएको छ । कर्णाली प्रदेश, सामाजिक विकास मन्त्रालयबाट अक्सिजन सिलिण्डर व्यवस्थापन शीर्षकमा प्राप्त रकमबाट अक्सिजन सिलिण्डर खरिद गर्न स्वास्थ्य सेवा कार्यालयले सूचना प्रकाशित गरेकोमा सूचनामा उल्लेखित समयभित्र अक्सिजन सिलिण्डर उपलब्ध गराउन कुनै पनि व्यक्ति/संस्था/फर्म/कम्पनीबाट निवेदन प्राप्त नभएको जानकारी प्राप्त भएकोले स्वास्थय सेवा कार्यालय, सल्यानले स्वास्थ्य सेवा निर्देशनालय, कर्णाली प्रदेश, सुर्खेतबाट अक्सिजन सिलिण्डरको लागत अनुमान तथा स्पेशिफिकेशन माग गरी पुनः सूचना प्रकाशन गर्ने ।

निर्णय नं. ९. विभिन्न दातृ निकाय तथा अन्तर्राष्ट्रिय संघ संस्थाबाट स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा औषधी, अक्सिजन कन्सन्ट्रेटर तथा अक्सिजन सिलिण्डरहरु प्राप्त भइरहेको सञ्चार माध्यमबाट जानकारी प्राप्त भएको, जिल्ला अस्पताल सल्यानमा उक्त मन्त्रालयबाट हालसम्म ४ वटा अक्सिजन कन्सन्ट्रेटर र ५ वटा अक्सिजन सिलिण्डर मात्र प्राप्त भएकोले ४० वटा अक्सिजन सिलिण्डर र १० वटा अक्सिजन कन्सन्ट्रेटर जिल्ला अस्पताल सल्यानलाई उपलब्ध गराइदिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गर्ने ।

निर्णय नं. १०. जिल्लामा एकवटा पनि शव वाहन नभएकोले कोभिड-१९ संक्रमणबाट मृत्यु भएका बिरामीको शव व्यवस्थापन ज्यादै कठिनाइका साथ भइरहेको सन्दर्भमा एक वटा शव वाहनको खरिद गर्न आवश्यक पर्ने बजेटको व्यवस्था गरिदिन सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतलाई अनुरोध गर्ने । शारदा नगरपालिकाभित्र सल्यान जिल्ला अस्पताल पर्ने भएको र जिल्लाका अन्य पालिका एवम् छिमेकी जिल्लाबाट अस्पतालमा उपचार गराउन आएका बिरामीको मृत्यु हुँदा यसै पालिका भित्र शव व्यवस्थापन गर्नुपर्ने भएकाले शारदा नगरपालिकाले समेत आगामी आ.व. २०७८/०७९ को वार्षिक वजेटमा शव वाहनका लागि आवश्यक पर्ने रकमको व्यवस्था गर्ने ।

**निर्णय नं. ११.** कोभिड-१९ बाट संक्रमितहरुको मृत्यु पश्चातको शव व्यवस्थापन मृतकका आफन्तले स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाई आफैं गर्न सक्ने, सो गर्न नचाहेमा नेपाली सेनाले गर्ने व्यवस्था रहेको छ। शव व्यवस्थापन गर्दा जमीनमुनी पुर्दा संक्रमणको जोखिम न्यून हुने भएकोले कोभिड-१९ संक्रमणबाट मृत्यु भएका व्यक्तिहरुको शव व्यवस्थापन गर्दा जमिनमुनी पूर्ने कार्य लाई प्राथमिकता दिन सबै पालिकाहरुमा जानकारी दिने र शव व्यवस्थापन गर्ने स्थान (वडा वडामा फरक फरक हुने भए समेत) तोकेर पठाइदिन सवै पालिकाहरुमा पटक पटक अनुरोध गरिएकोमा हालसम्म पनि प्राप्त नभएकोले पुनः सबै पालिकाहरुबाट ७ दिनभित्र शव व्यवस्थापन गर्ने स्थानको पहिचान गरी पठाउन अनुरोध गर्ने।

**निर्णय नं. १२.** कोभिड-१९ को संक्रमणका कारण होम आइसोलेसनमा वा अन्य स्थानमा आफ्नो पालिकाभित्र मृत्यु भई शव व्यवस्थापन गर्दा सोका लागि खटिने नेपाली सेनाका टोलीको लागि आवश्यक पर्ने बुट सहितको पि.पि.ई. खरिद गरी शव व्यवस्थापनमा खटिने नेपाली सेनाको टोलीलाई सम्बन्धित पालिका आफैले उपलब्ध गराउने।

**निर्णय नं. १३.** पालिकाहरुबाट सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम तथा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका कार्यक्रमहरुमा खटाइएका श्रमिकहरुको संख्या एकै समयमा धेरै देखिएकाले १५ जना भन्दा बढी नहुने गरी स्वास्थ्य सुरक्षाका मापदण्ड पूर्ण पालना गरी गर्ने व्यवस्था सबै पालिकाले मिलाउने।

**निर्णय नं. १४.** सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतबाट जिल्ला अस्पताल सल्यानमा प्राप्त रु एक करोड मध्ये अक्सिजन सिलिण्डर रिफिलिङ र ढुवानी शीर्षकमा प्राप्त रु पाँच लाख रकम नेपालगञ्जमा अक्सिजन सिलिण्डर ढुवानी र रिफिलिङ गर्दा खर्च भएसकेकोले थप रकम निकासा हुनका लागि सामाजिक विकास मन्त्रालय, सुर्खेतलाई अनुरोध गर्ने।